जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
*इमेल :* mgnd2070@gmail.com

बर्षः १२, अंकः ६१ पृष्ठः ४ | २०८२ असार ०७ गते शनिबार (Saturday 21 June 2025) | मूल्य रु. ५।– | *इमेल :* mgnd2070@gmail.com

## सिराहाका डिएसपी पासवान जेठ महिनाको उत्कृष्ट प्रहरी



सिरहा, ६ असार। जिल्ला प्रहरी कार्यालय सिराहामा कार्यरत प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवान जेठ महिनाको उत्कृष्ट प्रहरी घोषित गर्दै 'महिनाको उत्कृष्ट प्रहरी'को रूपमा सम्मानित भएका छन्। नेपाल प्रहरी संगठनले दिएको जिम्मेवारी पूर्ण रूपमा लगनशील, कर्तव्यनिष्ठ भई प्रहरी कार्य तथा शान्ति सुरक्षा कायम गर्न प्रभावकारी भूमिका बहन गरी सर्वसाधारण नागरिकलाई शान्ति सुरक्षाको अनुभूति गराउने तथा आमनागरिकका माझ प्रहरी संगठनको श्रीवृद्धिमा पुर्‍याएको योगदानको उच्च कदर गर्दै 'महिनाको उत्कृष्ट प्रहरी' घोषित गरिएको हो।

११ असोज ०८१ देखि जिल्ला प्रहरी कार्यालय सिराहामा कार्यरत डिएसपी पासवानले जिल्लामा लागुऔषध ओसारपोसार, नियन्त्रण, अवैध हतियार बरामद, फरार प्रतिवादीहरू पक्राउ, जातीय विभेद, बालबालिका तथा महिला हिंसा नियन्त्रण, ट्राफिक व्यवस्थापन सुधारलगायतका कामहरूमा नेतृत्वदायी भूमिकासहित सूचना व्यवस्थापन र प्रहरी–सर्वसाधारणबिच प्रभावकारी समन्वयमा सक्रिय रहेका छन्।

## सिरहामा मोटरसाइकल र साइकल ठोक्किँदा ३ जनाको मृत्यु

सिरहा, ६ असार। शुक्रबार साँझ सवा ५ बजेतिर सिरहा नगरपालिका–१८ लक्ष्मिनिया स्थित हुलाकी सडक खण्डमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश २–०१००३ प ३२३० नम्बरको मोटरसाइकल र पश्चिमबाट पूर्वतर्फ गइरहेको साइकल सन्हैठा नजिक एक आपसमा ठोकिँएको हो। ६ असार, जनकपुरधाम। सिरहामा मोटरसाइकल र साइकल ठोक्किँदा तीनजनाको मृत्यु भएको छ।

आज साँझ सवा ५ बजेतिर सिरहा नगरपालिका–१८ लक्ष्मिनिया स्थित हुलाकी सडक खण्डमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश २–०१००३ प ३२३० नम्बरको मोटरसाइकल र पश्चिमबाट पूर्वतर्फ गइरहेको साइकल सन्हैठा नजिक एक आपसमा ठोकिँएको हो। मृत्यु हुनेहरूमा मोटरसाइकल चालक सिरहाको कल्याणपुर–१२ का २९ वर्षीय नरेश मुखिया, पछाडि सवार कल्याणपुर नगरपालिका २ चतरीका २८ वर्षीय प्रदीप मुखिया र साइकल यात्री सिरहा नगरपालिका–२ का ६५ वर्षीय कुसे राय रहेका



छन्। सिरहाका प्रहरी प्रवक्ता डिएसपी विरेन्द्रकुमार पासवानका अनुसार दुर्घटनामा तीनैजना गम्भीर घाइते भएका थिए। उपचारका लागि प्रादेशिक अस्पताल सिरहा लगिएकोमा तीनैजनालाई चिकित्सकले मृत घोषणा गरेका थिए। मृतकहरूको शव पोष्टमार्टमका लागि अस्पतालमा राखेर घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

## लहान नगरपालिकाले ल्यायो एक अर्ब ६७ करोडको बजेट




सिरहा, ६ असार। यहाँको लहान नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ को लागि एक अर्ब ६७ करोड ९५ लाख २८ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले शुक्रबार नगर सभाको १६औँ अधिवेशनमा प्रस्तुत गरेको बजेटमा चालुतर्फ ७९ करोड ४० लाख रुपैयाँ अर्थात ४७.२८ प्रतिशत र पुँजीगततर्फ ८८ करोड ५५ लाख २८ हजार रुपैयाँ अर्थात कूल बजेटको ५२.७२ प्रतिशतको बजेट प्रस्तुत गरेका हुन्।

**–बाँकी दुई पेजमा**




**सांस्कृतिक विविधताको सम्मान गरौं।**

- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,

विविधतामा एकताको भावना निर्माण गरौं।
"सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# नियुक्तिमा दलीय दबाब, तनावमा शिक्षामन्त्री

विश्वविद्यालय अनुदान आयोगमा सदस्यसचिव रिक्त भएको ५ महिना भयो। तर आयोगले सदस्यसचिव पाएको छैन। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत १४ माघमा सदस्यसचिवका लागि आवेदन माग गरेको थियो। तर जसलाई बनाउन चाहेको हो, उसको आवेदन नपरेपछि दोस्रो पटक २२ माघमा फेरि आवेदन मागियो। आवेदन परेको छ तर प्रक्रिया अगाडि बढ्न सकेको छैन।

मन्त्रालय स्रोतका अनुसार सदस्यसचिवमा नेपाली कांग्रेस र नेकपा एमालेका प्राध्यापकको दाबी छ। यद्यपि, कांग्रेसले आफू निकटका व्यक्तिलाई बनाउन दबाब दिइरहेको छ। कांग्रेसले प्राध्यापक नभएको व्यक्तिलाई सदस्यसचिव बनाउन भनिरहेको छ। मन्त्रालय अधिकारीका अनुसार शिक्षामन्त्री रघुजी पन्त प्राध्यापकलाई बनाउन चाहन्छन्। 'विश्वविद्यालय अनुदान आयोग सबै विश्वविद्यालयको नियमन गर्ने संस्था हो। भीसी, रेक्टर, रजिस्ट्रारलाई नियमन गर्ने संस्थाको सदस्यसचिव प्राध्यापक राख्नुपर्छ भन्ने आसय मन्त्रीज्यूको छ। तर उपप्राध्यापक र सहप्राध्यापलाई बनाउनुपर्‍यो भनेर दबाब आइरहेको छ,' शिक्षामन्त्रालय स्रोतले भन्यो।

सदस्यसचिव छनोट गर्न विज्ञ टोलीले पनि प्राध्यापक हुनुपर्ने कार्यविधि बनाएको छ। कार्यविधिविपरीत सदस्यसचिव नियुक्तिको लागि नाम सिफारिस गर्न शिक्षामन्त्रीलाई दबाब परेको छ। 'कनिष्ठ मान्छेलाई बनाउन प्रस्ताव आएको छ,' मन्त्रालयका एक अधिकारीले भने, 'कम्तीमा प्राध्यापक त हुनुपर्‍यो नि।' अनुदान आयोगको सदस्यसचिवको नाम छनोट गर्न शिक्षामन्त्रीको अध्यक्षतमा सर्च कमिटी बनाइएको छ।

विश्वविद्यालय अनुदान आयोग मात्र होइन, अन्य ५ वटा विश्वविद्यालय सेवा आयोगको अध्यक्ष र सदस्य नियुक्ति गर्न पनि शिक्षामन्त्री पन्तलाई दबाब परेको छ। दबाब दिनेमा सत्तारुढ दल कांग्रेस र एमाले निकटकै प्राध्यापकका नेताहरू छन्। सेवा आयोगका अध्यक्ष र सदस्य नियुक्तिमा पनि कनिष्ठलाई नै बनाउन प्राध्यापकका नेताहरूले दबाब दिएका छन्। नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको अध्यक्ष र सदस्य रिक्त भएको १ वर्षभन्दा बढी भयो। शिक्षामन्त्रीको अध्यक्षतामा सर्च कमिटी बनेको छ। प्रक्रिया अन्तिम चरणमा पुगेर सर्च कमिटीले नाम सिफारिस गर्न खोजेको छ, तर सकेको छैन।

'सेवा आयोगमा प्राध्यापक होस् भन्ने हो। सेवा आयोगले प्राध्यापकको मूल्यांकन गर्छ। सहप्राध्यापक र उपप्राध्यापकालाई जिम्मेवारी दिँदा मर्यादाको प्रश्न उठ्छ,' मन्त्रालयका एक अधिकारीले भने। सदूरपश्चिम विश्वविद्यालयको पनि सेवा आयोयको अध्यक्ष र सदस्य पद रिक्त छ। यसमा पनि नाम सिफारिस गर्न समिति गठन भएको छ। तर प्रक्रिया अगाडि बढेको छैन। पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगको अध्यक्ष र सदस्यको पद खाली छ तर सिफारिस समिति नै गठन भएको छैन।

शिक्षा मन्त्रालयका अनुसार राजर्षी जनक विश्वविद्यालयको २ जना सदस्य नियुक्त गर्नुपर्नेछ। यसका लागि सिफारिस समिति गठन भए पनि नामको विषयमा निर्णय हुन सकेको छैन। मध्यपश्चिम विश्वविद्यालयको सेवा आयोगको सदस्य नियुक्तिमा पनि सिफारिस समिति गठन भएर प्रक्रिया अगाडि बढेको छैन। सबै सेवा आयोगको अध्यक्ष र सदस्यका लागि आएका नाम चित्तबुझ्दो नभएपछि मन्त्री पन्त संकटमा परेका छन्। 'मन्त्रीज्यू अडानमा हुनुहुन्छ। तर कांग्रेस र एमालेका प्राध्यापक नेताको दबाब कहिलेसम्म थेग्नुहुन्छ भन्ने प्रश्न हो,' मन्त्रालयका एक अधिकारीले भने, 'नाम टुंगो लगाउने विषयमा मन्त्रीज्यू तनावमा हुनुहुन्छ।'

### लहान...

यसअन्तर्गत शिक्षातर्फ २३ करोड ५८ लाख रुपैयाँ, स्वास्थ्यतर्फ २७ करोड ९३ लाख रुपैयाँ, कृषितर्फ आठ करोड ६६ लाख रुपैयाँ र पूर्वाधारतर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको नगरप्रमुख चौधरीले जानकारी दिए।

नगरपालिकाको आन्तरिक आय २५ करोड रुपैयाँ हुने अनुमान गरिएको छ। सार्वजनिक नीति तथा कार्यक्रम र बजेटमा नगरप्रमुख महेशप्रसाद चौधरीले 'हाम्रो लहान-सुन्दर, समुन्नत र सभ्य लहान' निर्माणको नारालाई मूलमन्त्रका रूपमा अगाडि सारिएको बताए।

नगरप्रमुख चौधरीले आफू निर्वाचित भए यता विगत तीन वर्षमा पूर्वाधार एवं सहरी विकास, कृषि तथा सिँचाइ, शिक्षा तथा स्वास्थ्य, पर्यटन तथा रोजगार र लागुपदार्थ दुर्व्यसन विरुद्ध विशेष फड्को मारेको जिकिर गरे। उनले आगामी बाँकी दुई वर्षे कार्यकालमा थप तथा नवीनतम कार्यहरु गर्ने लक्ष्य राखी आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउन स्थानीय उत्पादनलाई बढावा दिनेगरी बजेटमा समेटिएको जानकारी दिए।

# ग्वार्को ओभरपास : अल्पकालीन राहत तर दीर्घकालीन समाधानका लागि सोचौँ

**आशिष गजुरेल**

आज (असार ६ गते) देखि सम्माननीय प्रधानमन्त्रीज्यूबाट ग्वार्को ओभरपास उद्घाटन भई सञ्चालनमा आउँदै छ। २४ महिनामा बन्नुपर्ने योजना ३९ महिनामा पूरा भयो। खैर, यो बनेकामा खुसी हुँदै यसको प्रभावकारी ढंगबाट सञ्चालन गर्नेतिर विचार पुर्‍याउनुपर्छ। करिब १२ लाख सवारीसाधन गुड्ने काठमाडौँ उपत्यकामा सवारी व्यवस्थापन निकै ठूलो चुनौती बन्दै आएको छ। बढ्दो सवारीका कारण उत्पन्न भएको यो समस्या तत्काल सजिलै समाधान हुने पनि देखिँदैन। उपत्यकाका प्रमुख चौकहरू (जस्तै : कोटेश्वर, बानेश्वर, थापाथली, चावहिल, गौशाला, जडीबुटी, महाराजगन्ज, सिंहदरबार लगायत) मा सवारी जाम अत्यधिक हुने गर्छ। यता कलंकीमा अन्डरपास निर्माण भएपछि सवारी आवतजावतमा केही सहजता आएको अनुभव गरिएको छ।

कोटेश्वरको जाम कम गर्न कोटेश्वर-जडीबुटीमा लेन थपिए तर भक्तपुरको जाम जस्ताको तस्तै छ। चौडा सडक, सुरुङ, फ्लाइओभर वा थप सडक लेन निर्माण गरेर सवारी जामको समस्या समाधान गर्न सकिन्छ भन्ने सामान्य बुझाइमा रहन्छ। वास्तवमा अन्य धेरै देशको अनुभवले यस्ता संरचना मात्र समाधानका उपाय होइनन्। दीर्घकालीन समस्या समाधानका लागि यी संरचनामा सुधारले मात्र काम गर्छन् कि गर्दैनन् भनेर गहिरो बहस र विश्लेषण हुनु जरुरी छ। हालै मात्र नेपाल सरकारले कोटेश्वरको ट्राफिक जाम व्यवस्थापन गर्न भक्तपुर जाने सडक (भक्तपुर-जडीबुटी) मा लेन थपेको छ तर जाम पहिलेकै अवस्थामा छ। बानेश्वर, कोटेश्वरमा जाम कम गर्न अन्डरपास र फ्लाइओभर बनाउने योजना पनि छ।

तर यी उपाय समाधान होइनन् भन्ने कुरा बोगर्टा, कोलम्बियाका पूर्वमेयर तथा ट्राफिक योजनाकार एनरिके पेनालोजाकाको भनाइबाट पनि पुष्टि हुन्छ, 'ट्राफिक समस्या समाधानका लागि सडक चौडा बनाउनु भनेको आगो निभाउन मट्टीतेल प्रयोग गर्नुजस्तै हो।' अहिले उपत्यकामा ट्राफिक जामको समस्या समाधान गर्न सडकको क्षमता बढाइँदै छ। नयाँ, चौडा र राम्रो सडकले ट्राफिक जाम हुँदैन भन्नेमा हामी विश्वस्त छौँ। चौडा सडकले निजी सवारीसाधन किन्नेहरूलाई प्रोत्साहन गर्ने विश्वव्यापी अनुभव छ। सवारीसाधनको संख्यामा दिनानुदिन वृद्धि हुने मात्र होइन सडक क्षमताभन्दा गाडीको चाप बढी हुने अवस्था सिर्जना भई ट्राफिक जामको समस्या फेरि उस्तै हुन्छ। सडकको क्षमता मात्र वृद्धि गर्ने भनेको अल्पकालीन समाधान मात्र हो।

अवश्य पनि चौडा सडकले ट्राफिक जामको समस्या केही समयका लागि राहत दिन्छ तर प्रश्नहरू आउँछन्– के यो अब सधैँभरि यस्तै रूपमा चल्छ त ? के अब काठमाडौँमा फ्लाइओभर निर्माणपछि ट्राफिक जाम हुँदैन ? के अब काठमाडौँको ट्राफिक समस्या दीर्घकालीन रूपमा समाधान हुन्छ ? यी प्रश्नको उत्तर अहिले नै खोज्नुपर्छ। सवारीसाधनको संख्या नबढ्ने हो भने चौडा सडकले दीर्घकालीन रूपमा ट्राफिक व्यवस्थापन गर्छ तर यो सम्भव छैन। गाडीको आयातमा रोक लगाउने अवस्था पनि छैन। दिन प्रतिदिन सवारीसाधनको संख्यामा वृद्धि हुने भएकाले ट्राफिक समस्या फेरि आउने निश्चित छ।

जब सडकको क्षमताभन्दा सवारीसाधनको माग धेरै हुन्छ, तब जाम बढिहाल्छ। आज संसारमै ट्राफिक व्यवस्थापनका लागि सडकको क्षमता वृद्धिका साथै सार्वजनिक सवारीसाधनको उपलब्धता वा विकासलाई नै प्रमुख मानिएको छ। यद्यपि काठमाडौँका सडकलाई चौडा गर्ने कामलाई ठूलो उपलब्धि मान्नुपर्छ। एउटा निकाय चाहियो जसले अब सार्वजनिक यातायातको विकास र यसको क्षमता वृद्धि गर्ने ठोस कार्यक्रम ल्याउन सकोस्। आज ट्राफिक जाम नियन्त्रण गर्न संसारभरि नै सडक चौडा पार्ने र बढ्दो निजी गाडीको नियन्त्रण कार्य प्राथमिकतामा परेको देखिन्छ। विकसित राष्ट्रमा सार्वजनिक सवारीसाधनको राम्रो व्यवस्था हुँदा त्यहाँको ट्राफिक समस्या हल नै भएको देखिन्छ।

सडक आउजाउको माध्यम हो। सवारीसाधन, पैदलयात्री, साइकलयात्री– सबैको साझा थलो हो सडक। निजी सवारीसाधन हुने व्यक्ति कम हुन्छन् तर राजनीतिक शक्तिहरू उनीहरूकै हितमा निर्णय गर्छन् किनकि उनीहरूसँग पहुँच र प्रभाव छ। त्यसैले सडकको विकास गर्दा निजी सवारीलाई प्राथमिकतामा राखेर गरिन्छ। जस्तो : सडक चिल्ला र चौडा बनाइन्छन् तर पैदलयात्रीका लागि फुटपाथ साँघुरा हुन्छन्। अझ सडक बनाएपछि मात्र फुटपाथ बनाउन सुरु गरिन्छ। सुरक्षाको दृष्टिकोणबाट हेर्दा पनि पहिले फुटपाथ बनाउनुपर्छ, त्यसपछि सवारीसाधनका लागि सडक। अझ हामीकहाँ साइकल लेनको खासै मतलब गरेको देखिँदैन।

ट्राफिक इन्जिनियरिङको सामान्य सिद्रान्त अनुसार जब सवारीसाधनका लागि सडक साँघुरा हुन्छन् तब सडकमा थोरै संख्यामा सवारीसाधनको उपस्थिति हुन्छ। सडक चौडा भए भने मानिसहरू निजी सवारी लिन उत्प्रेरित हुन्छन् किनभने ट्राफिक जाम कम हुन्छ र मानिसहरू आनन्दका साथ ड्राइभिङ गर्छन्। यसरी गाडीको संख्यामा वृद्धि हुन्छ, फेरि ट्राफिक जाम सुरु हुन्छ। त्यसपछि के फेरि सडक चौडा गर्न सम्भव हुन्छ त ? हुँदैन किनभने जमिन सीमित हुन्छ। त्यसैले चौडा गर्ने कार्य पनि केही समयपछि टुंगिन्छ। त्यसैले व्यवस्थित र वैज्ञानिक ट्राफिक व्यवस्थापन र सडक चौडा गर्ने कार्यलाई सँगै लैजानुपर्छ। यी विषयमा जिम्मेवार निकायले बेलैमा ध्यान दिनुपर्छ।

ट्राफिक इन्जिनियरिङको दृष्टिबाट हेर्नै हो भने यस्तो नीतिको विकास गर्नुपर्छ जसले निजी गाडी किन्नलाई निरुत्साहित सार्वजनिक यातायातको प्रयोगलाई प्रोत्साहित गरोस्। सडकमा कम सवारीसाधन भए भने व्यवस्थापन कार्यमा निकै सहजता आउँछ। नेपालजस्तो देश, जहाँ आज पनि ट्राफिक प्रहरीले हात र सिटीको भरमा ट्राफिक व्यवस्थापन गर्छन्, त्यहाँ चौडा सडकले भन् ट्राफिक समस्याका साथसाथै सडक दुर्घटनामा पनि वृद्धि हुने सम्भावना हुन्छ। त्यसैले यसबारे सोच्न जरुरी छ।

हालको कलंकी-कोटेश्वर चक्रपथ खण्ड आठ लेनको छ, यहाँ धेरै जाम हुने हुँदा विशेष गरी सातदोबाटो चोक, ग्वार्को चोक र कोटेश्वर चोकमा सुधार गर्नुपर्ने देखिएको हो। यीमध्ये ग्वार्को चोकलाई प्राथमिकतामा राखी ओभरपास/फ्लाई ओभर योजना गरियो र १७ करोड ६ लाखमा ठेक्का लाग्यो र ढिलै गरेर भए पनि निर्माण सम्पन्न भयो। चक्रपथको आठ लेनमध्ये चार लेनको प्रयोग गरी ओभरपास निर्माण भएको छ।

अब सातदोबाटो-ग्वार्को-बालकुमारी-कोटेश्वर खण्डमा अनवरत सवारी चल्नुपर्ने यसको उद्देश्य हो। अर्कोतर्फ मंगरबजार-ग्वार्को-लुभुतर्फ यही ओभरपासमा रहेको पुल मुनिबाट सवारी पास हुने हो। त्यस्तै चक्रपथको सर्भिस लेनबाट गुड्ने सवारीले सिधा दाहिने वा देब्रे मोडिनुपर्छ, त्यसैले त्यहाँ पालो कुर्नुपर्ने हुन्छ। यो चोकमा सवारी व्यवस्थापनका लागि यो पाटो अझ स्पष्ट हुनुपर्नेछ। जेहोस् ग्वार्को चोकको सवारी व्यवस्थापन गर्न थप पूर्वाधारले आफ्नो क्षमता वृद्धि गरेको छैन।

ग्वार्को पूर्वाधारको क्षमता वृद्धि भयो तर कलंकी-कोटेश्वर खण्डलाई एउटा सञ्जाल मान्ने हो भने सञ्जालको क्षमतामै धेरै वृद्धि भएन। अब ग्वार्कोको जाम बालकुमारी वा सादोबाटोमा सर्ने हुन सक्छ। योतर्फ हाम्रो ध्यान जानुपर्छ।

ग्वार्को ओभरपासले अब चक्रपथ-कलंकी-कोटेश्वर जाम हुन्न भन्ने सन्देश सडक प्रयोगकर्तामा जानुहुन्न किनभने सञ्जालको क्षमता बढेको छैन। त्यस्तै मंगलबजार-ग्वार्को-लुभुतिर जाने-आउने सवारी र चक्रपथको सर्भिसलेनका सडकहरूले पनि कुर्नुपर्ने अवस्था यथावत् रहन्छ। यस्ता सही सूचना जनतामा जाँदा पछि मानिसहरूले यो संरचनाका बारेमा नकारात्मक टिप्पणी गर्दैनन्। नेपालमा पूर्वाधार धेरै बन्नुपर्नेछ। बनाउनलाई बजेटको उपलब्धता कमी छ। कार्यक्रममा रहेका पूर्वाधार निर्माण गर्न कठिन छ। पूर्वाधार समयमा नबन्ने रोग नै छ र बनेका पूर्वाधारको पनि पूर्ण क्षमतामा प्रयोग नहुने अर्को जटिल समस्या छ। यी समस्याका बाबजुद पनि नेपालमा पहिलोपटक ओभरपास वा फ्लाइओभर बनेको छ। यसले काठमाडौँको यातायात व्यवस्थापनमा केही सुधार पक्कै ल्याउँछ। अन्य प्रश्नका उत्तरहरू सञ्चालन भएपछि थाहा हुन्छ र सुधार गर्दै जानुपर्छ। बनेका पूर्वाधारलाई कसरी पूर्ण क्षमतामा प्रयोग गर्ने भन्नेतर्फ अबको छलफल र विश्लेषण केन्द्रित हुनुपर्छ।

# रकम लिएर नाबालिका छोरीको भारतीयसँग विवाह गराउने आमा पक्राउ

वीरगन्ज, ६ असार। रकम लिएर नाबालिका छोरीको भारतीय नागरिकसँग विवाह गराएको आरोपमा शुक्रबार प्रहरीले एक महिलालाई पक्राउ गरेको छ। पर्सा प्रहरीका अनुसार पोखरिया नगरपालिकाको शिवर्वा निवासी ( क ) नाम गरेकी महिलाले रकम लिएर आफ्नै नाबालिका छोरीको भारतीय नागरिकसँग विवाह गराएकी थिइन्। प्रहरीमा आफ्नै आमाले बाल विवाह गराएको भन्दै जाहेरी परेपछि (क) नाम गरेकी ती महिलालाई पक्राउ गरिएको पर्सा प्रहरी प्रवक्ता किशोर लम्सालले बताए। उनका अनुसार बाल र अन्तरजातीय विवाह गरिदिएको आरोपमा प्रहरीले ती महिलालाई पक्राउ गरेको हो।

पीडित नाबालिकाको हजुरबुवाले बुहारीसहित पाँच जना मिलेर नातिनीको बालविवाह गराएको जाहेरी दिएका थिए। उक्त जाहेरीमा ४ लाख ८० हजार रुपैयाँ लिएर (क) नाम गरेको आमासहित ५ जनाले नाबालिकालाई प्रलोभनमा पारी बालविवाह गर्न लगाएको प्रहरी स्रोतले बतायो। प्रहरी स्रोतका अनुसार हजुरबुवाले जाहेरीमा भनेका छन्,'२३ जेठमा मेरो १३ वर्षीया नातिनीलाई विभिन्न प्रलोभनमा पारी भारतको छपवा सुगौलीमा लगिएको थियो, मेरो बुहारीसहित गाउँका पाँच जनाको संयुक्त योजनामा भारतीय सुनिल तिवारीसंग नगद ४ लाख ८० हजार रुपैयाँ लिएर जबरजस्ती विवाह गराइदिए। जुन घटनाको वास्तविकताबारे नातिनी जब घरमा फर्केर आइन्, त्यो बेला मात्रै थाहा पाइयो।'

# गर्भावस्थाको आठौं महिना, के गर्ने, के नगर्ने ?

**डा. दिजा खनाल**

जति जति प्रसवको समय नजिकिन्छ। त्यति गर्भवती महिला उत्सुक हुन्छिन्। उत्सकुतासँगै शारीर भने बोझिलो अनुभव हुनसक्छ। गर्भावस्थाको आठौं महिना (लगभग ३२ देखि ३६ हप्ता) भनेको करिब–करिब अन्तिम चरण हो। यहाँ पुगिसक्दा शरीर बढेकाले हिँडडुल गर्न, बस्न र सुत्न कठिन हुन्छ। पहिलेको भन्दा अलि चनाखो हुनुपर्ने बेला पनि हो यो। किनकि, यो महिनामा शारीरिक परिवर्तनहरू तीव्र हुन्छन्। जटिलता पनि बढ्न सक्छ।

**के कस्ता परिवर्तन देखिन्छ ?**

यो समयमा शारीरिक, मानसिक र भावनात्मक परिवर्तनहरूका साथै स्वास्थ्य जटिलताहरूबारे सचेत रहनु आवश्यक छ।

**शारीरिक परिवर्तन**

प्रत्येक हप्ता औसतमा ३०० देखि ५०० ग्राम तौल बढ्न सक्छ। आठौं महिनामा आइपुग्दा पाठेघरको उचाइ र चौडाइ फैलिएर छातीको भाग नजिक आइपुग्छ, जसले पेट ठूलो देखिन्छ। तौल बढ्दा छाला तन्किएर स्ट्रेच मार्क्स देखिन थाल्छ। विशेषगरी प्रोजेस्टेरोन र इस्ट्रोजेन हर्मोनको स्तर बढ्दा जोर्नीहरू लचिलो हुन्छन्, जसले हिँडडुलमा असहजता उत्पन्न गर्छ। पाठेघर बढ्दै जाँदा र यसले छातीमा दबाब दिँदा सास फेर्न असहज हुन सक्छ। पाठेघरसँग जोडिएको मांसपेशी तन्किँदा ढाड दुख्ने समस्या हुन्छ।

त्यस्तैगरी, पाठेघरले पेटलाई थिच्दा ग्यास्ट्रिकको समस्या वा पेट ढुस्स हुनसक्छ। बच्चाको टाउको तल सर्दै जाने हुँदा पिसाब थैलीलाई थिच्दा पिसाब छिटो–छिटो लाग्न सक्छ। बच्चाको चापले रक्तनलीहरूमा दबाब पर्दा खुट्टा सुन्निन सक्छ। हातका औंलाहरू बिहान कसिने र दिउँसो फुक्दै आउँछ। स्तनको टुप्पो वरपर गाढा कालो हुँदै जाने र स्तनबाट पहेँलो रङको कोलोस्ट्रम अब (पहिलो दूध) थोरै–थोरै चुहिन थाल्छ।

**मानसिक परिवर्तन**

यो समयमा गर्भवती महिलाको मानसिक अवस्था अस्थिर हुन सक्छ, जसलाई 'इमोसनल रोलर कोस्टरहाइड' को रूपमा बुझ्न सकिन्छ। यो भनेको कोर्टिसोल र प्रोजेस्टेरोन हर्मोनको स्तरमा वृद्धि, मूड स्विङ्स र तनावको कारण बन्छन्। कहिले अत्यधिक खुसी, कहिले अत्यास लागेको त कहिले डर, उदासी वा रोइरहन मन लाग्ने खालको भावनात्मक उत्तारचढाव महसुस हुन सक्छ। यो पनि स्वभाविक हर्मोनल प्रतिक्रिया हो।

दुखाइ वा असहजताले पर्याप्त निद्रा नपुग्दा मानसिक तनाव बढ्छ। यदि मनोबल कमजोर भएको महसुस भए, अत्यधिक डराउने वा रोइरहने र बेचैन भएमा प्रिनेटल डिप्रेसन भनिन्छ। यस्तो लक्षण देखिएमा चिकित्सकको सल्लाह लिनु आवश्यक हुन्छ। प्रसवको समय नजिकिएसँगै बच्चाको बढी कल्पना आउने हुँदा बच्चालाई स्वागत गर्न घर तयार गर्ने, सामान किन्ने इच्छा बढ्छ।

**स्वास्थ्य समस्या र सम्भावित जटिलता**

आठौं महिनामा केही स्वास्थ्य समस्याहरू र जटिलताहरू देखिन सक्छन्। प्रि–एक्ल्याम्पसिया वा जेस्टेसनल हाइपरटेन्सन उच्च रक्तचाप, खुट्टा वा योनी सुन्निनु, टाउको दुख्ने, आँखा धमिलो हुने, छाती दुख्ने जस्ता लक्षणहरू देखिन्छन्। यो ५ महिनादेखि सुरु भएर आठ महिनामा अलि बढी देखिन सक्छ। यस्तो भए तुरुन्त चिकित्सकको सम्पर्क गर्नुपर्छ।

**जेस्टेसनल डायबिटिज**

यो समयमा बच्चा बनाउन सालमा धेरै इन्जाइम र हर्मोन बन्ने क्रममा मधुमेहको जोखिम बढ्छ। यो हुँदा बच्चाको तौल अत्यधिक हुन्छ। यो भएमा बच्चाको चालमा ध्यान दिनुपर्छ। मधुमेह उच्च भएमा बच्चा नचली मृत्यु हुने सम्भावना हुने हुँदा बच्चाको चालमा ध्यान दिन र खानपान नियन्त्रण गर्न जरुरी हुन्छ।

**रक्तअल्पता**

खानपानको कमी र बच्चाको माग बढ्दा रक्तअल्पता हुन सक्छ। यसो भएमा थकान र अनुहार फिक्का देखिन्छ।

**प्री–एक्ल्याम्पिसया**

यो उच्च रक्तचाप र प्रोटिनुरिया ( पिसाबमा प्रोटिन) को अवस्था हो। यो अवस्थाले आमा र बच्चा दुवैलाई जोखिममा पार्छ।

**पिसाब संक्रमण**

बच्चाको टाउकोले पिसाबनली र थैलीलाई थिच्दा पुरा पिसाब आउन नसकेर थोरै थोरै आउँछ। थैलीमै बाँकी रहेर बस्दा किटाणु फैलिएर संक्रमण हुनसक्छ। यदि पिसाब पोल्ने, पटक–पटक आइरहने, छिट्टो आउने र थाम्न नसक्ने भएमा चिकित्सकलाई भेट्नुपर्छ।

**बच्चामा आउने परिवर्तन**

आठौं महिनामा गर्भमा रहेको बच्चाको विकास तीव्र गतिमा हुन्छ। पहिला बच्चाको तौल कम अनि पानी धेरै भएर घुमिरहन्छ। अहिले भने तौल साढे एक केजी देखि साढे दुई केजीसम्म हुनुपर्छ। बच्चा खेल्ने पानी कम भई सुल्टो भइरहने वा उल्टो भइरहने हुनसक्छ।

बच्चाको मस्तिष्कको विकासले तीव्रता पाउँछ र यो समयमा न्यूरल कनेक्सनहरूका लागि महत्वपूर्ण हुन्छ। फोक्सोहरू लगभग पूर्णरूपमा विकसित हुन्छन्, जसले जन्मपछि सास फेर्न सक्षम बनाउँछ। बच्चाको हाडहरू बलियो हुँदै जान्छन्, तर खप्परका हाडहरू लचिलो रहन्छन्, जुन प्रसवको समयमा सहज हुन्छ।

बच्चाले यो समयमा नियमित रूपमा हातखुट्टा चलाउँछ, जुन आमाले महसुस गर्छिन्। बच्चाको आँखाले प्रकाश र छायाँ देख्न सक्छ र श्रवण शक्ति पनि विकसित हुन्छ, जसले आमाको आवाज र बाहिरी ध्वनिहरू सुन्न सक्छ।

यो बेला दुध चुस्न सक्ने भइसक्ने, फोक्सोको विकास भइसकेको हुँदा यो समयमा प्रसब भए पनि बच्चा बाच्न सक्छ।

**परिवारको साथ महत्वपूर्ण**

आठौं महिनामा परिवारको भावनात्मक र शारीरिक साथले गर्भवतीमा आत्मविश्वास बढाउन महत्वपूर्ण भूमिका खेल्छ।

– सकारात्मक कुराकानी र प्रोत्साहनले मानसिक स्वास्थ्य सुधार गर्छ। रिसाएको छ भने सम्झाउने, रोइरहेको छ भने फकाउने र हामी छौं भन्ने भरोसा दिनुपर्छ।

– गर्भवती महिलालाई धेरै भारी काम नदिने र आरामका लागि समय दिनुपर्छ।

– नियमित जाँचमा साथ दिनाले महिलालाई सुरक्षित महसुस हुन्छ।

– परिवारले सन्तुलित खाना तयार गर्न सहयोग गर्नुपर्छ।

परिवारको सकारात्मक साथले गर्भवती महिलाको कोर्टिसोल स्तर कम गरी जसले प्रसवको समयमा जटिलता कम गर्न मद्दत गर्छ।

**यात्रा गर्न मिल्छ ?**

आठौं महिनामा लामो दूरीको यात्राका लागि असहज सवारी साधनमा यात्रा गर्न सिफारिस गरिँदैन। गर्भावस्थामा पहिलाको प्रसव तोकिएको समयभन्दा छिटो भएको वा अहिलेकोमा रक्तचाप र मधुमेह बढेको, साल तल भएको, बच्चा दुईवटा छन् वा अलिअलि रक्तश्राव भइरहेको छ भने यतिबेला त यात्रा निषेध गर्नुपर्छ।

बाँकी रहयो सामान्य छोटो दूरीको अब आफू बसेकै ठाउँको वरिपरि बाटो राम्रै छ भने चाहिँ अलिअलि यात्रा गर्न मिल्छ। हवाई यात्रा गर्ने नगर्ने भन्ने कुरामा अवस्था के कस्तो छ, त्यो अनुसार चिकित्सकसँग सल्लाह लिन जरुरी हुन्छ।

गर्भावस्थामा रगतहरु चाहिँ बाक्लिदै गएको हुन्छ। त्यसले गर्दा 'डिप एन्थ्रोम्बोसिस' भन्ने समस्या हुन सक्छ। यो भनेको खुट्टामा जमेर कहिलेकाहिँ फोक्सोमा जान सक्ने, एक्कासी सास फेर्न गाह्रो भएर ज्यानै जान सक्ने जोखिम हुन सक्छ।

यस्तो भएमा गर्भावस्थामा पूरा बेड रेस्ट गरेर केही पनि काम नगरिकन बस्ने भन्दा हल्का हिँडडुल खाना खाइसके पछाडि या बेलुका केही नभए पनि दिनमा आधा घण्टा ४५ मिनेट चाहिँ बिस्तारै–बिस्तारै हिँड्ने प्रयास गर्नुपर्छ।

**के कस्ता परीक्षण, किन ?**

आठौं महिनामा केही नियमित जाँचहरू गर्नुपर्छ।

– रक्तचाप परीक्षण : प्रि–एक्ल्याम्पसियाको जोखिम पत्ता लगाउन हरेक भिजिटमा रक्तचाप नाप्नुपर्छ।

– पिसाब जाँच : प्रोटिनको मात्रा जाँच्नाले प्रि–एक्ल्याम्पसियाको संकेत पत्ता लाग्छ।

– हेमोग्लोबिन जाँच : रक्तअल्पता पत्ता लगाउन हेमोग्लोबिन १०.५ भन्दा माथि हुनुपर्छ।

– ब्लड सुगर जाँच : जेस्टेसनल डायबिटिजको जोखिम पत्ता लगाउन नियमित जाँच गर्नुपर्छ।

– फिटल मुभमेन्ट मोनिटरिङ : बच्चा दिनमा कम्तीमा १० पटक चल्नुपर्छ। खाना खाएपछि देब्रे कोल्टे परेर एक घण्टामा कम्तीमा ३ पटक बच्चाको चाल महसुस गर्नुपर्छ।

– अल्ट्रासाउन्ड (फिटल ग्रोथ स्क्यान) : ३४–३७ हप्तामा बच्चाको तौल, सालको अवस्था, खेल्ने पानीको मात्रा र बच्चाको अवस्थिति (सुल्टो/उल्टो) जाँच गरिन्छ।

**के खाने ?**

– फाइबरयुक्त खाना (गहुँको रोटी, सागसब्जी, फलफूल) र प्रोटिनयुक्त खाना (दाल, गेडागुडी, अण्डा, मासु, माछा, दूध) खानुपर्छ।

– दिनमा ३–४ लिटर पानी पिउनुपर्छ।

– आइरनयुक्त खानेकुरा जस्तै पालुङ्गो, शख्खर, छोकडा।

– क्याल्सियमयुक्त खानेकुरा जस्तै, दूध, चिज, सिमी, तिल।

– पूर्ण पकाएको खानेकुरा मात्र खानुपर्छ।

खानेकुरा एकैपटक टन्न खानुहुँदैन। दिनमा ६ पटक जति गरेर मात्रा मिलाएर खान सकिन्छ।

खान नमिल्ने कुरा

– काँचो मासु वा अण्डा खानु हुँदैन।

– धूम्रपान र मदिरा : पूर्णरूपमा निषेध गरिन्छ

– चिया/कफी : क्याफिनले बच्चालाई हानि गर्न र चिन्ता बढाउन सक्छ

– मसालेदार/चिल्लो खाना खानहुँदैन। ग्यास्ट्रिकको समस्या बढाउन सक्छ।

– काँचो मासु/अण्डा : संक्रमणको जोखिम हुन्छ।

**सावधानी**

केही अवस्थामा तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुपर्छ।

जस्तो कि,

योनिस्राव वा रक्तस्राव – यो प्लासेन्टा प्रिविया वा प्रारम्भिक प्रसवको संकेत हुन सक्छ।

नियमित र दुखाइपूर्ण संकुचन – यो प्रारम्भिक प्रसवको लक्षण हो।

बच्चाको हलचलमा कमी – बच्चाको हलचल कम भएमा तुरुन्त जाँच गर्नुपर्छ। गम्भीर टाउको दुखाइ, चक्कर वा दृष्टिमा समस्या भएमा।

उच्च ज्वरो वा संक्रमण – यो आम र बच्चा दुवैका लागि खतरनाक हुन्छ।

यी लक्षणहरूले गम्भीर जटिलताको संकेत गर्न सक्छन् र समयमै उपचारले जोखिम कम गर्न सकिन्छ।

**ध्यान दिनुपर्ने कुरा**

– चिकित्सकको सल्लाहमा हिँड्ने, योग वा प्रसवका लागि सास फेर्ने अभ्यास गर्न सकिन्छ।

– पर्याप्त निद्रा पुऱ्याउँनुपर्छ। सुत्दा बायाँ सिरानीमा सुत्नाले रक्तसञ्चार सुधृन्छ।

– ध्यान, गहिरो सास फेर्ने वा मनपर्ने गतिविधिमा समय बिताउनाले मानसिक स्वास्थ्य राम्रो हुन्छ।

–कुनै पनि असामान्य लक्षण देखिए तुरुन्त चिकित्सकलाई सम्पर्क गर्ने।

– प्रसवको तयारीका लागि अस्पतालको झोला तयार राख्ने, प्रसव योजनाको बारेमा चिकित्सकसँग कुरा गर्ने र परिवारसँग छलफल गर्ने।

यो समयमा सजगता र सही हेरचाहले आमा र बच्चा दुवैको स्वास्थ्य सुनिश्चित गर्न सकिन्छ। गर्भावस्थाको यो चरणमा वैज्ञानिक आधारमा सही जानकारी र परिवारको साथले स्वस्थ र सुखद प्रसवको सम्भावना बढाउँछ।

# प्रशासकीय अधिकृत श्रीवास्तव सहित दुई पक्राउ

दीपकप्रसाद गौतम

वीरगन्ज, ६ असार। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काठमाडौँ कार्यालयबाट खटी आएको टोलीले पर्साको बहुदरमाई नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय कुमार श्रीवास्तव र पोखरिया नगरपालिकाका जिन्सी, प्रशासन तथा इन्धन वितरण शाखाका प्रमुख सन्दीप साहलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख, प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार काठमाडौँबाट खटिएको आयोगको टोलीले श्रीवास्तवलाई पोखरिया नगरपालिकामा कार्यरत रहँदा त्यहाँका विभिन्न योजनाहरूको स्वीकृति, खरिद आदेश तथा ठेक्कासम्बन्धी प्रक्रियामा अनियमितता गरेको आरोपमा पक्राउ गरेको हो भने सोही प्रकृतिका आरोपमा सन्दीप साह पनि पक्राऊ परेका हुन्।

बहुदरमाई नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्रीवास्तवलाई शुक्रवार बिहान वीरगन्ज १५ मा रहेको दिनबन्धु पेट्रोल पम्प अगाडि रहेको चिया पसलबाट पक्राऊ गरिएको थियो। त्यस्तै गरी पोखरिया नगरपालिकाका जिन्सी, प्रशासन तथा इन्धन वितरण शाखाका प्रमुख सन्दीप साहलाई आयोगको टोलीले वीरगन्जको प्रगतिनगरस्थित उनकै निवासबाट पक्राऊ गरेको हो।

पक्राऊ परेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालयमा राखेर आवश्यक कानुनी प्रक्रिया पूरा गरी ४ बजे काठमाण्डौं तर्फ लगिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिनु भयो। सार्वजनिक पदको दुरुपयोग गरी व्यक्तिगत लाभ लिने उद्देश्यले गैर कानुनी रकम मागेको र रकम लिएको प्रमाण भेटिएपछि अख्तियारले श्रीवास्तवविरुद्ध कानुनी कारबाही अघि बढाएको जनाईएको छ। पोखरिया नगरपालिकाका मेयर प्रदुमन चौहानका विश्वासपात्र साहलाई नगरपालिकाका विभिन्न आयोजना र सामान खरिदमा ठेकेदार तथा सेवाग्राहीहरूसँग अनधिकृत रूपमा आर्थिक लेनदेन गरेको आरोपमा आयोगले पक्राऊ गरेको हो।

श्रीवास्तव एक महिना अघि मात्र पोखरिया नगरपालिकाबाट सरुवा भई बहुदरमाई नगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत भएर आउनु भएको हो। उहाँ पोखरिया नगरपालिकामा रहँदा कर्मचारी नियुक्तिमा आर्थिक अनियमितता भएको , विभिन्न योजनाहरूको स्वीकृति, खरिद आदेश तथा ठेक्कासम्बन्धी प्रक्रियामा अनियमितता भएको भनी अख्तियारमा उजुरी परेपछि अनुसन्धानका क्रममा अख्तियारले यसअघि नै छापामारी गरी केही कागजात नियन्त्रणमा लिई अनुसन्धान गरी रहेको थियो।

अनुसन्धानमा क्रममा केही प्रमाण भेटिनु, लिखित स्पष्टीकरणहरू समेत अख्तियार कार्यालयमा समयमा नपठाउनु जस्ता कारणले अख्तियार कार्यालयले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्रीवास्तव लगायत ६/७ जना उपर पक्राऊ पुर्जी नै जारी गरी पक्राऊ गर्न सुरु गरेको बुझिएको छ।

# बिलभन्दा बढी सामान ल्याएको भन्दै प्रहरीले ट्रक नियन्त्रणमा लियो

रौतहट, ६ असार रौतहटको चन्द्रपुर–४ स्थित पूर्व–पश्चिम राजमार्गमा बिलबिजकभन्दा बढी सामान ल्याएको भन्दै प्रहरीले शुक्रबार एक ट्रक नियन्त्रणमा लिएको छ। उक्त सामानको मूल्य झण्डै ४६ लाख रुपैयाँ बराबर रहेको बताएको छ। चन्द्रपुरस्थित ट्राफिक कार्यालयअगाडि जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको प्रहरी गस्ती टोलीले वीरगञ्जबाट सर्लाहीतर्फ जाँदै गरेको ना ७ ख ७६७६ नम्बरको मिनी ट्रक रोकी जाँच गर्दा बिलबुझाइभन्दा बढीका विभिन्न किसिमका किराना तथा कपडाहरू लोड गरिएको पाइएकोले ट्रक र चालकलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी प्रमुख एसपी नेत्रमणि गिरिले जानकारी दिए।

'ट्रकमा के–कति सामान थिए भन्ने अनुसन्धान हुँदैछ,' उनले भने, 'नियन्त्रणमा लिएको ट्रक र सामानबारे राजस्व अनुसन्धान कार्यालयमा पठाउँछौं ।' प्रहरीले ट्रक चालक सर्लाही हरिवन नगरपालिका–९ का ३० वर्षीय जय दासलाई नियन्त्रणमा लिएको छ। उक्त सामानको मूल्य अन्दाजी ४५ लाख ५६ हजार रुपैयाँ बराबर रहेको प्रहरीको भनाइ छ। ट्रकमा लोड गरिएको किराना सरसामान र कपडाहरू आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय पथलैया, बारामा बुझाइएको एसपी गिरीले बताएका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# सिरहाको आँपको सुगन्ध, चिस्यान केन्द्रको अभावमा चुनौती

**सुदीप राउत**

सिरहा, ६ असार। यो आँप पाक्ने याम हो। सिरहाका बजारमा मात्र होइन, सडक किनार र यत्रतत्र आँपैआँप देखिन्छन्। केही आँप उत्पादक किसान ग्राहकको प्रतीक्षामा भेटिन्छन् भने केहीलाई बेच्न भ्याइनभ्याइ छ। पूर्वपश्चिम राजमार्गस्थित सडक किनारा आँपले छपक्कै ढाकिएको छ। मालदहलगायत आँपको सुवासले सिरहा मगमगाइरहेको छ। हरेक घरको आँगन, बगैंचाको कुनो र बजारको छेउमा बगिरहेको आँपको सुगन्ध सिरहाको पहिचान हो। हावामा घुलिएको त्यो सुगन्ध, जुन स्वादमा बदलिन्छ। यही स्वाद अब व्यवसाय, रोजगारी र आत्मनिर्भरताको गाथा बन्न थालेको छ ।



सिरहालाई आँपको राजधानीका रूपमा लिइन्छ यद्यपि, यो उपाधि कुनै आधिकारिक निकायले दिएको नभई जनमानसमा विकसित भएको उपमा हो। सिरहालाई 'आँपको राजधानी' भन्ने चलन यसको बृहत् उत्पादन, समथर भूभाग, गर्मी मौसम, विशिष्ट गुणस्तर र व्यापारिक महत्वजस्ता कारणले हो। आँप केवल स्वादिलो फलमात्र होइन, यो पोषण, स्वास्थ्य, संस्कृति र अर्थतन्त्रसँग गाँसिएको फल पनि हो। त्यसैले यसलाई 'फलको राजा' मात्र नभई 'जीवनको फल' पनि मानिन्छ। यसको खेतीमा जीवनयापन गर्ने हजारौं व्यावसायिक किसानको आशा, मेहनत र भविष्य यसैमा गाँसिएको छ। आँप केवल स्वाद र सुगन्धको प्रतीकमात्र होइन, यो धेरैको लागि जीवनको आधार पनि हो ।

गोलबजार नगरपालिका–३ मुसहर्नियाका किसान भरत यादव र निरज सिंहले करिब सय बिघा क्षेत्रफलमा फैलिएको आँपको व्यवस्थित बगैंचा तयार गरेका छन्, जुन अहिले जिल्लाकै सबैभन्दा ठूलो व्यावसायिक आँपखेतीको नमूना बनेको छ। यो बगैंचाले उत्पादनको मात्रामा मात्र योगदान दिएको छैन, जिल्लामा व्यावसायिक आँपखेतीतर्फ किसानको रुचि बढाउने प्रेरणा पनि दिएको छ।

'पहिला परम्परागत रूपमा खेती गर्थ्यौं, अहिले बजार, प्रविधि र व्यवस्थापनमा ध्यान दिएर व्यावसायिक बनाएका छौं,' किसान निरज सिंहले भने, 'आँपखेतीबाट दैनिक २५ देखि ३० जनाले रोजगारी पाउँछन्। सिजनमा दुई सयदेखि पाँच सय कार्टुनसम्म आँप टिप्ने, प्याक गर्ने र काठमाडौं, पोखरा, वीरगञ्ज, जनकपुरसम्म लैजाने गरेका छौं।' बगैंचाबाट हरेक वर्ष लाखौं रूपैयाँको आँप बिक्री हुने गरेको उनको भनाइ छ।

नेपालमा आँपको मुख्य मौसम सुरु नहुँदै बजार भारतीय आँपले भरिने क्रम यस वर्ष पनि दोहोरिएको किसान सिंहले दुखेसो पोखे। जेठको दोस्रो सातादेखि नेपालका सहरबजारमा भारतीय आँपको बर्चस्व देखिन्छ, जबकि स्थानीय आँप असारको पहिलो, दोस्रो हप्तामा मात्र परिपक्व हुन्छ। 'यसले देशभरका व्यावसायिक किसान चिन्तित छन्,' उनले भने।

यहाँका आँप बजारमा आउनुअघि सस्तो दरमा भारतीय आँप बग्रेल्ती भित्रिएपछि किसान प्रतिस्पर्धामा पछाडि परेका छन्। मुसहर्नियाका व्यावसायिक कृषक भरत यादव भन्छन्, 'हामीले मेहनत गरेर आँप उत्पादन गर्‍यौं, तर भारतीय आयातले हाम्रो उत्पादनलाई बजार नै नदिएपछि ठूलो घाटा सहनुपरेको छ। एकातिर आँपको उत्पादन घट्यो, अर्कातर्फ बजार मूल्य उस्तै रह्यो।'

भारतीय आँप नेपालमा सस्तो मूल्यमा पाइने भए पनि, उपभोक्ताले रसायन प्रयोगको डर, कम स्वाद र कम ताजगीजस्ता गुनासो गर्छन्। नेपालमा फलफूल आयातसम्बन्धी स्पष्ट नीतिको अभाव, कमजोर सीमास्तर निगरानी र स्थानीय उत्पादनको संरक्षण नहुनु मुख्य कारण मानिन्छ। किसानहरू भन्छन्, 'नेपाल सरकारले कागजमा आत्मनिर्भरता भन्ने नारा लगाउँछ, तर व्यवहारमा किसानको संरक्षण छैन।' स्वाद र गुणस्तरमा अब्बल भए पनि स्थानीय आँपले भारतीय फलसँग प्रतिस्पर्धा गर्न कठिनाइ भोगिरहेको छ। विदेशी आँप चम्किला र आकर्षक देखिए पनि तीमध्ये धेरैमा अत्यधिक विषादी वा रसायन प्रयोग हुने गरेको खबर सार्वजनिक हुन्छ। लहान–२४ का व्यावसायिक किसान शम्भु चौधरी भन्छन्, 'हामीले रोग नियन्त्रणका लागि जैविक उपायमात्र अपनाउँछौं र अत्यधिक विषादी प्रयोग गर्दैनौं। त्यसैले हाम्रो आँप स्वादिलो, सुरक्षित र ताजा हुन्छ।'

**आँप उत्पादनमा सिरहा पहिलो**

मधेस प्रदेश आँपखेतीका लागि उर्वरभूमि हो। यहाँको हावापानी र माटो आँप उत्पादनका लागि सुहाउँदो छ। सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ जिल्लामा व्यावसायिक रूपमा आँपखेती हुन्छ। आँप उत्पादनमा यो प्रदेशको ७७ प्रतिशतभन्दा बढी योगदान रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेस प्रदेशका सचिव डा उमेश दाहालको भनाइ छ।

मन्त्रालयको तथ्यांक अनुसार देशभर ४२ हजार ७७३ हेक्टरमा आँपखेती हुन्छ। जसबाट वार्षिक पाँच लाख १३ हजार ५५ मेट्रिक टन आँप उत्पादन हुन्छ। मधेस प्रदेशमा २९ हजार ९९ हेक्टरमा आँपखेती हुन्छ, जसबाट तीन लाख ९५ हजार ७९४ मेट्रिक टन आँप उत्पादन हुन्छ। आँप उत्पादनमा सिरहा अगाडि छ सिरहामा वार्षिक एक लाख चार हजार ६७६ मेट्रिक टन आँप फल्छ। सप्तरीमा ९६ हजार, धनुषामा ३६ हजार ९१६, महोत्तरीमा ३२ हजार ७२२, सर्लाहीमा ३९ हजार ११८, रौतहटमा ६२ हजार ५६१, बारामा १९ हजार २६९ र पर्सामा चार हजार ७३१ मेट्रिक टन आँप उत्पादन हुन्छ।

**स्वादमा नामी**

नेपालका सहरमा 'लहानको मालदह आँप' स्वादका हिसाबले चर्चित छ, तर बजारमा ठगी, विषादी प्रयोग र नक्कली 'लेबलिङ'का कारण यसको बदनामी पनि बढ्दो छ। लहानकै मालदहको स्वाद पाएकाहरूमाझ यो आँप नामी छ। लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइ भन्छन्, 'लहानकै वास्तविक मालदह आँप खाएका उपभोक्ता यसको मिठास, सुगन्ध र प्राकृतिक रसिलोपनाको प्रशंसा गर्छन्। तर बजारमा यही नाममा कम गुणस्तरका, समयअगावै टिपेर पकाइएका वा भारतीय आँप बिक्री हुँदा उपभोक्तामा भ्रम र असन्तुष्टि बढेको छ।' राजमार्गको उत्तरी भेगमा पर्ने सिरहाको लहान, धनगढीमाई, गोलबजार, मिर्चैया र कर्जन्हा नगरपालिकाको चुरे क्षेत्रमा सुक्खा जमिनमा फल्ने आँप दक्षिणी भेगमा ओसिलो ठाउँमा फल्ने आँपभन्दा स्वादिलो र मिठो हुन्छ।

**स्थानीय आँपको 'ब्रान्डिङ'**

'लहानको आँप' भनेर अर्कै ठाउँको बेच्ने, एउटा आँप भनेर अर्कै बेच्ने, विषादी प्रयोग गरिएको आँप बेचेर लहानको आँपलाई बदनाम गराउनेलाई निरुत्साहित गर्न लहान नगरपालिकाले दुई वर्षदेखि मालदह आँपलाई 'ब्रान्डिङ' गरी काठमाडौंलगायत सहरमा पठाउँदै आएको छ। गाउँगाउँमा किसानले उत्पादन गरेको आँपलाई ब्रान्डिङ, ग्रेडिङ र प्याकेजिङ गर्नाले उपभोक्ता र उत्पादक नठगिने कृषि संयोजक बद्रीनारायण चौधरीले बताए।

पहिलो वर्ष ३० मेट्रिक टन र दोस्रो वर्ष ९० मेट्रिक टन आँप 'ब्रान्डिङ' गरी काठमाडौं, पोखरा, हेटौंडालगायत सहरमा बिक्री गरिएको उनले बताए। यस वर्षबाट गोलबजारको आँपलाई पनि 'ब्रान्डिङ' गरिएको छ।

**उत्पादन कम भएपछि गरिएन 'ब्रान्डिङ'**

आँपको उत्पादनमा कमी आएकाले यस वर्ष लहानको आँपलाई 'ब्रान्डिङ' नगरिएको कृषि शाखाले जनाएको छ। एक वर्ष बिराएर फल्ने आँप गत वर्ष लटरम्म फलेकाले यस वर्ष उत्पादनमा २० प्रतिशतले कमी आएको छ। मागअनुसार पुर्‍याउन नसक्ने भएकाले यस वर्ष ब्रान्डिङ नगरेको शाखा प्रमुख प्रकाश साह हलुवाइले बताए।

सप्तरीको सुरुंगा नगरपालिकाको उत्तरी भेगमा पर्ने श्रीपुर क्षेत्रमा उत्पादन हुने ठूलो परिमाणको आँपको बजार पनि लहान हो। सिरहा जिल्लाभित्र राष्ट्रिय राजमार्गसँग जोडिएको र चुरे क्षेत्रको वातावरण रहेको लहान, गोलबजार, धनगढीमाई, मिर्चैया र कर्जन्हा नगरपालिकाले ५० प्रतिशत अनुदानमा आँपको बिरुवा किसानलाई वितरण गर्ने कार्यक्रम ल्याएपछि आँपखेतीको विस्तार भइरहेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र महासेठको भनाइ छ।

**चिस्यान केन्द्र नहुँदा समस्या**

२०८१ चैत २६ मा मधेस प्रदेशसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले मधेसको मुख्य फल आँपलाई युरोपलगायत मुलुकमा निर्यात गर्नुपर्ने बताए। आँपको रसलाई जुसका रूपमा ब्रान्डिङ गरेर मनग्य आम्दानी लिन सकिने उनको भनाइ थियो। तर आँपको भण्डारण गर्न आवश्यक चिस्यान केन्द्र सिरहामा मात्र होइन, मधेस प्रदेशमै छैन। चिस्यान केन्द्र निर्माणका लागि स्थानीय तहको स्रोतसाधनले नधान्ने लहान नगरप्रमुख महेशप्रसाद चौधरीको भनाइ छ। त्यसका लागि प्रदेश र संघीय सरकारसँग पटकपटक पहल गरे पनि बेवास्ता गरिएको उनले गुनासो गरे। 'व्यवस्थित चिस्यान केन्द्र भए किसानले आँप भण्डारण गरी मूल्य आएका बेला बेच्न पाउँथे। केन्द्र र प्रदेश सरकारसमक्ष कुरा राखे पनि प्रगति हुन सकेन। सबैभन्दा बढी आँप उत्पादन हुने क्षेत्रमा चिस्यान केन्द्र नहुनु विडम्बना हो।'

सरकारले आँपखेती गर्ने व्यावसायिक किसानका लागि चिस्यान केन्द्र, प्रशोधन कारखाना र निर्यातमा सहजीकरण गरिदिए मधेसको आँप अन्तरराष्ट्रिय ब्रान्ड बन्न सक्ने जानकारहरू बताउँछन्। उत्पादन र वितरण दुवैमा सुधार गरियो भने मधेसको आँपखेतीले व्यावसायिक कृषिमा आमूल परिवर्तन ल्याउन सक्ने सम्भावना बलियो छ।

# राराब क्याम्पसमा विवाद, स्ववियू सभापतिसहित दुईजना पक्राउ

जनकपुर, ६ असार। जनकपुरधामको रामसागर रामस्वरूप बहुमुखी (राराब) क्याम्पसका प्रवेश पत्र वितरणको विषयलाई लिएर विद्यार्थी र क्याम्पस प्रशासनबीच विवाद भएको छ। बीबीएस तेस्रो वर्षका विद्यार्थीलाई परीक्षा प्रवेश पत्र बाँड्न ढिलाइ भएको विषयमा क्याम्पस प्रमुख वसन्त कर्णसँग स्ववियू सभापति मनिषयादवबीच विवाद भएको थियो। विवादको क्रममा स्ववियु सभापति मनिष यादव र चेतन प्रसाद गोइतलाई प्रहरीले पक्राउ गरेको छ।

धनुषाका प्रहरी प्रवक्ता डिएसपी बरुणबहादुर सिंहका अनुसार प्रहरीमाथि हातपातसँगै प्रहरी निरीक्षक जीवछ सिंहको दायाँ हातको ठूलो औंला मर्किएको छ। पोसाक समेत च्यातिदिएको छ। त्यस घटनामा दुवै विद्यार्थीको संलग्नता रहेकाले पक्राउ गरिएको उनको भनाइ छ। पक्राउ दुवैजनामाथि प्रहरीले शान्ति सुरक्षाविरुद्धको कसुरमा अभद्र व्यवहार मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाएको छ।



बीबीएस तेस्रो वर्षका विद्यार्थीलाई परीक्षा प्रवेश पत्र बाँड्न ढिलाइ भएको भन्दै आज बिहान साढे ७ बजेतिर सभापति यादवसहित विद्यार्थीहरु क्याम्पस प्रमुख वसन्त कर्ण समक्ष पुगेका थिए। सो क्रममा दुवैजनाबीच विवाद भएको थियो। क्याम्पसका स्ववियु सचिव करण साहका अनुसार त्यस क्रममा क्याम्पस प्रमुख कर्णले प्रहरी बोलाएर सभापति यादवसँगै विद्यार्थीमाथि लाठीचार्ज गराएका थिए। स्ववियु सभापति यादवलाई पक्राउ गरेर प्रहरीले लग्न खोज्दा अन्य विद्यार्थीले छुटाउने प्रयास गरेका थिए। तर अर्को प्रहरीले त्यहाँ गरेको लाठी प्रहारले प्रहरी निरीक्षकको औंलामा लागेको हुन सक्ने सचिव साहको दावी छ।

'प्रहरीमाथि कुनै विद्यार्थीले हातपात गरेको छैन। प्रहरीले नै लाठिचार्ज गरेको थियो। सभापतिलाई पक्राउ गरेर लग्न खोजेपछि विद्यार्थी छुटाउने बेला प्रहरीकै लाठी लागेर प्रहरीको औंला मर्किएको हुन सक्छ' उनले भने 'क्याम्पस प्रमुख र प्रहरीले विद्यार्थीमाथि ज्यादती गरेका हुन्।' विद्यार्थी नेता पक्राउपश्चात विद्यार्थीहरु आन्दोलित भएका छन्। उनीहरु बिहानैदेखि क्याम्पसअगाडि तथा क्याम्पस चोकमा टायर बालेर प्रदर्शन गरेका थिए। आज दिउँसो जिल्ला प्रशासन कार्यालय घेरा उग्रदैंसमेत प्रदर्शन गरेका छन्।

शुक्रबार साँझसम्म रिहाई नभए भोलिदेखि कडा आन्दालन गर्ने विद्यार्थीहरुले चेतावनी दिएका छन्। 'आज साँझसम्मको अल्टिमेटम छ। रिहाइ भएन भने भोलिदेखि पठनपाठन बन्द गरेर कडा आन्दोलन गर्छौं।' उनले भने। त्रिभुवन विश्व विद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको राराबमा गत असार ४ गतेदेखि बीबीएस तेस्रो वर्षको परीक्षा भइरहेको छ। जसमा झण्डै साढे १३ सय परीक्षार्थी सहभागी छन्। तर प्रवेशपत्र भने १२ सय परीक्षार्थीले मात्रै पाएका छन्।

बाँकी परीक्षार्थीलाई सिम्बल नम्बरको आधारमा परीक्षा दिन दिइएको छ। यस बारे क्याम्पस प्रमुख कर्णसँग कुरा गर्न खोज्दा उनको फोन उठेन।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)